भूकम्प सुरक्षा दिवस मूल समारोह समितिको मिति २०७३ पौष १२ गतेको बैठकका निर्णयहरु

१. विगत वर्षहरुमा झै यस वर्ष पनि २०७३ माघ २ गते मनाईने १९ औ भूकम्प सुरक्षा दिवस पौष १६ देखि माघ १५ सम्म मुलुकभर विभिन्न सचेतनात्मक कार्यक्रमहरु सहित भव्यताका साथ मनाउने । यस वर्ष **शंखरापुर नगरपालिका साँखु काठमाडौंमा** माघ २ गते भूकम्प सुरक्षा दिवस मूल समारोहको आयोजना गरी मनाउने ।

२. भूकम्प सुरक्षा दिवस मुलुकभर मनाईने सन्दर्भमा एकरुपताको लागि **"भूकम्प सुरक्षा दिवस मार्गदर्शन, २०७१"** अनुरुप भूकम्प सुरक्षा दिवसका कार्यक्रमहरु संचालन गर्ने ।

३. भूकम्प सुरक्षा दिवस मनाउन सबै जिल्ला प्रशासन कार्यालयहरुलाई रु. १०,०००। (दश हजार) का दरले केन्द्रीय दैवी प्रकोप उद्दार कोषबाट रकम निकासा दिने निर्णय भएकाले सो रकम जिल्ला प्रशासन कार्यालयहरुमा तत्काल पठाउने ।

४. पर्चा, पोष्टर छपाई गर्ने र प्रदर्शनी लगायतका व्यवस्थापकीय कामका लागि केन्द्रीय देवी प्रकोप उद्दार कोषबाट रु ३ लाख भूकम्प प्रविधि राष्ट्रिय समाज, नेपाललाई उपलब्ध गराउने निर्णय भएकाले सो कार्यक्रम पेस गरि खर्च गराउने ।

५. यस वर्षको भूकम्प सुरक्षा दिवसको नारा सहितका पोष्टर मुलुकभरका निजी, सामुदायिक तथा सरकारी विद्यालयहरुमा पठाई विभिन्न शैक्षिक एवम् चेतनामूलक कार्यक्रमका साथ प्याब्सन एनप्याब्सन लागायतको समन्वयमा शिक्षक विद्यार्थीहरुको सहभागिताका साथ भूकम्प सुरक्षा दिवस,२०७३ मनाउने व्यवस्थाको लागि शिक्षा मन्त्रालयलाई अनुरोध गर्ने ।

६. **"भूकम्पीय सुरक्षाको बलियो आधार, भैंचालो थेग्ने घर र भौतिक पूर्वाधार"** भन्ने स्वीकृत नारा सहित विभिन्न कार्यक्रमहरु राखी प्रमुख जिल्ला अधिकारीसंग समन्वय गरी भूकम्प सुरक्षा दिवस भव्यताका साथ मनाउन सबै स्थानीय निकायहरुलाई निर्देशन दिनका लागि संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयलाई अनुरोध गर्ने ।

७. सबै नगरपालिकाले निम्न लिखित विषयमा आफ्नो नगरवासीको लिखित प्रतिबद्धता लिने र हरेक वर्ष सो अनुरुपको प्रगति अनुगमन गरी सोको सार्वजनिक गर्ने कार्य गर्न संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले सबै नगरपालिकालाई निर्देशन दिने ।

   क. म भूकम्पीय जोखिमबाट सुरक्षित हुने उपायहरु सिक्नेछु र परिवारका सबै सदस्यहरुलाई सिकाउनेछु,

   ख. मैले बनाउने घर भूकम्प प्रतिरोधी बनाउनेछु,

   ग. मेरो अहिले भएको घरलाई भूकम्पीय प्रविलकरण गर्नेछु,

   घ. मेरो समुदायमा भूकम्पीय जोखिम न्यूनिकरण सम्बन्धि जनचेतना अभिवृद्धिमा लाग्नेछु ।

८. आगामी वर्ष प्रकाशन हुने क्यालेण्डर तथा पात्रोहरुमा माघ २ गते भूकम्प सुरक्षा दिवस उल्लेख गरी मुद्रण गर्ने व्यवस्थाका लागि सूचना तथा संचार मन्त्रालयलाई अनुरोध गर्ने ।

९. विगत वर्षहरुमा झै विभिन्न कार्यक्रमहरुमा सहभागिता जनाई १९ औं भूकम्प सुरक्षा दिवस, २०७३ भव्यताका साथ मनाउन नागरिक समाज, राष्ट्रसंघीय निकायहरु, राष्ट्रिय/अन्तर्राष्ट्रिय, गैरसरकारी संस्थाहरु र सामुदायिक संस्थाहरुलाई आह्वान गर्ने ।